प्रदेश सहकारी झलक

२०८३

कोशी प्रदेश



प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय

कोशी प्रदेश, इनरुवा, सुनसरी, फोन नं. ०२५-५६५१८४, ०२५-५६५१८४

इमेल : sahakariregistrar.p1@gmail.com, वेबसाइट : pcrcto.p1.gov.np

कार्यालयबाट सम्पादित विविध गतिविधिहरूको झलक


















प्रदेश सहकारी झलक

२०८३

कोशी प्रदेश





प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय

कोशी प्रदेश, इनरुवा, सुनसरी

प्रकाशक

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय
कोशी प्रदेश, इनरूवा, सुनसरी

फोन नं. : ०२५-५६५१८४
इमेल : sahakariregistrar.p1@gmail.com
Website : pcrcto.p1.gov.np
प्रकाशन प्रति: ११००
मुद्रक : न्यू पूर्वाञ्चल प्रिन्टर्स, इनरूवा-३, मालपोत रोड, सुनसरी

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल।

शुभकामना

कोशी प्रदेश सरकार, उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको **प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवा, सुनसरी** द्वारा कोशी प्रदेशभित्रका सहकारी क्षेत्रका समग्र गतिविधि, उपलब्धि, अनुभव, तथ्याङ्क तथा महत्वपूर्ण जानकारीहरू समेटेर **"प्रदेश सहकारी झलक–२०८३"** नामक जानकारीमूलक पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। यस प्रशंसनीय कार्यका लागि कार्यालय परिवार तथा सम्बद्ध सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

सहकारी क्षेत्र देशको आर्थिक विकास, गरिबी निवारण र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्ने एक बलियो खम्बा हो। कोशी प्रदेशको सन्दर्भमा कृषि र सहकारी क्षेत्र यहाँको प्रादेशिक अर्थतन्त्रको मेरुदण्ड नै रहिआएका छन्। यस अवस्थामा प्रादेशिक सहकारी क्षेत्रका वास्तविक आयाम र तथ्याङ्कहरूलाई एकीकृत गरी प्रकाशन हुन लागेको यो पुस्तिका आफैमा एक गौरवमय र महत्त्वपूर्ण दस्तावेज बन्नेछ भन्ने विश्वास लिएको छु।

मलाई पूर्ण विश्वास छ, यस पुस्तिकामा समेटिएका अनुकरणीय अनुभव र तथ्यहरूले प्रदेशको सहकारी क्षेत्रलाई अझ बढी पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन मार्गनिर्देशन गर्नेछ। साथै, यो शुभकामना सन्देशले प्रदेशभरिका सम्पूर्ण सहकारीका सञ्चालकहरू, शेयर सदस्यहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा अन्य सरोकारवालाहरूमा थप उत्साह, नव-ऊर्जा, प्रेरणा र सही मार्गदर्शन प्रदान गर्नेछ।

अन्त्यमा, यस महत्वपूर्ण पुस्तिका **"प्रदेश सहकारी झलक–२०८३"** को सफल प्रकाशनको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

इस्राईल मन्सुरी
माननीय मन्त्री
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, बिराटनगर

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय
कोशी प्रदेश, इनरुवा, सुनसरी

रजिष्ट्रारको भनाइ



कोशी प्रदेशको नियमन क्षेत्राधिकारभित्र सञ्चालित सहकारी संस्थाहरूको समग्र अवस्था, गतिविधि र वित्तीय विवरणलाई समेटेर वार्षिक प्रकाशन 'सहकारी झलक २०८३' सार्वजनिक गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। यस स्मारिकामा मुख्यतया प्रदेश कार्यक्षेत्र भएका ५६३ सहकारी संस्थाहरूले २०८३ साल असार मसान्तसम्म यस कार्यालयमा पेश गरेका आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन तथा अद्यावधिक विवरणका आधारमा तयार पारिएका यथार्थ तथ्याङ्कहरूलाई समावेश गरिएको छ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय संरचनाअनुरूप सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन र विकासको अधिकार संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट भएको सर्वविदितै छ। यसै सन्दर्भमा, कोशी प्रदेश सरकार, उद्योग, कृषि तथा सहकारी मन्त्रालय मातहतको यस प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयले दुई वा सोभन्दा बढी स्थानीय तहदेखि प्रदेशभरि कार्यक्षेत्र रहेका सहकारी संस्थाहरूको दर्ता, नियमन, र सुपरीवेक्षण गर्दै यस क्षेत्रमा संस्थागत सुशासन कायम गर्न निरन्तर रूपमा कार्य गर्दै आइरहेको छ।

सहकारी संस्थाहरूले सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गर्दै अघि बढ्ने प्रयास गरे तापनि कतिपय संस्थामा अझै पनि सुशासनको अभाव खड्किएको महसुस हुन्छ। नियामक निकायहरूको संस्थागत क्षमता विकास नहुँदासम्म र यस क्षेत्रले राज्यबाट उच्च प्राथमिकता नपाउँदासम्म सहकारी अभियानका सबल र दुर्बल पक्षहरूको यथार्थ विश्लेषण गर्न कठिन हुनेछ। साथै, प्रदेश र स्थानीय तहबाट आ-आफ्नो क्षेत्राधिकारभित्रका विवरणहरू नियमित रूपमा अद्यावधिक हुन नसक्दा तथ्याङ्कको शुद्धता र विश्वसनीयता कायम गर्नु आजको प्रमुख चुनौती बनेको छ। यद्यपि, आगामी दिनमा स्थानीय तहहरूसँगको समन्वय र सहकार्यलाई थप सुदृढ गर्दै सहकारी क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यमा यस कार्यालय पूर्ण रूपमा प्रतिबद्ध छ।

प्रचलित कानुनले तोकेको समयसीमाभित्र आफ्ना प्रतिवेदनहरू पेश गरी देशको सहकारी क्षेत्रको तथ्याङ्क प्रणालीलाई व्यवस्थित तुल्याउन सहयोग गर्नुहुने सम्पूर्ण सहकारी संस्थाहरूलाई म विशेष धन्यवाद ज्ञापन गर्दछु। साथै संस्था सञ्चालनमै रहेको अवस्थामा समेत विवरण नबुझाई तथ्याङ्क प्रणालीमा आबद्ध हुन बाँकी रहनु भएका संस्थाहरूबाट अब उप्रान्त बिलम्ब नहुने अपेक्षा गर्दछु। यस 'सहकारी झलक २०८३' प्रकाशनार्थ आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन तथा सम्पादनको कार्यमा अहोरात्र खट्नुहुने यस कार्यालयका कर्मचारीहरू नरेन्द्र पराजुली, एकनाथ दाहाल, महानन्द रिजाल, सुनिल तिवारी, कृष्ण रेग्मी, कृष्ण प्रसाद न्यौपाने, लावण्यराज पोखरेल, दिपक पौडेल, सुबोध नेपाल, अभिनारायण भट्टराई, गोपाल ढकाल, नारायण बास्तोला, सियाराम मेहता, भिम प्रसाद भट्टराई, सीमा खतिवडा तथा रामप्रसाद चौधरीप्रति म हार्दिक आभार व्यक्त गर्दछु। त्यसैगरी, प्राप्त तथ्याङ्कहरूलाई कम्प्युटरमा प्रविष्ट गरी छपाइयोग्य ढाँचामा रूपान्तरण गर्न अथक मेहनत गर्नुहुने कम्प्युटर अपरेटर नारायण बास्तोला र स्तरीय छपाइ कार्यमा सहयोग पुऱ्याउने न्यू पूर्वाञ्चल प्रिन्टर्स, इनरुवा-३, सुनसरीलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, यस प्रकाशनले सहकारी अभियानमा आबद्ध सम्पूर्ण सहकारीकर्मी, नीति निर्माता, अनुसन्धानकर्ता र आम सरोकारवालाहरूलाई कोशी प्रदेशको सहकारी क्षेत्रको यथार्थ अवस्था बुझ्न एक प्रामाणिक र महत्त्वपूर्ण सन्दर्भ सामग्रीको रूपमा सहयोग पुऱ्याउनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

भुपेन्द्र खनाल
रजिष्ट्रार

विषय सूची

सि.नं.	विषय	पेज नं.
१.	कोशी प्रदेशको संक्षिप्त परिचय	१
२.	नेपालमा सहकारीको विकासक्रम	१-३
३.	नेपालको सहकारी प्रशासनको तुलनात्मक विवेचना	३-९
४.	प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवा, सुनसरीबाट वार्षिक रुपमा संचालन भएका कार्यक्रम तथा गतिविधिहरुको समीक्षाः	९-१४
५.	प्रदेश सरकारको नियमन क्षेत्राधिकारमा पर्ने सहकारी संघ संस्थाहरुको अवस्थाः	१४-१८
६.	सहकारीमा प्रयोग हुने एप्लिकेशन सफ्टवेयर सञ्चालन सम्बन्धी व्यवस्थाः	१८-२७
७.	कोशी प्रदेशमा सहकारी संघहरुको अद्यावधिकको अवस्था विश्लेषणः	२७-२८
८.	लेखापरीक्षणका आधारमा आ.व. २०८१/०८२ को जिल्लागत वित्तीय अवस्थाः	३०-९७
९.	सहकारी सिद्धान्त पालना रुजु-सूची विकास	९८-१०६
१०.	सामाजिक परीक्षण गर्ने मूल्याङ्कनका आधारहरु	१०७-११४

तालिका सूची

सि.नं.	विषय	तालिका नं.	पेज नं.
१.	प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको दरवन्दी तेरिज तालिका	१	७-८
२.	प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको वित्तीय तालिका	२	९
३.	राजश्वतर्फ तालिका	३	९
४.	अनुगमन निरीक्षणतर्फ तालिका	४	१०
५.	संस्था संगठनतर्फको तालिका	५	११
६.	स्थानीय पालिकामा सहजीकरण गरिएको तालिका	६	११
७.	संयुक्त अनुगमन निरीक्षण गरिएका पालिकाहरु तालिका	७	१२
८.	यस वर्ष प्रदेशस्तरीय संस्थाहरुको कार्यक्षेत्र घटाइ स्थानीयमा गएका संस्थाहरुको तालिका	८	१२
९.	पालिकाबाट आएका प्रदेशस्तरीय फायलहरु तालिका	९	१३
१०.	आ.व. २०८२/०८३ मा खारेज गरिएका संस्थाहरु तालिका	१०	१३
११.	तालिम कार्यक्रमको प्रगति तालिका	११	१४
१२.	प्रदेश सरकारको नियमन क्षेत्राधिकारमा पर्ने सहकारी संघ संस्थाहरुको अवस्था तालिका	१२	१५
१३.	विषयगत सहकारीहरुको अवस्था तालिका	१३	१६
१४.	सहकारी संस्थाको अद्यावधिक तालिका	१४	१७
१५.	समस्याग्रस्त घोषणाका लागि पठाइएको सहकारीको विवरण तालिका	१५	१८
१६.	समस्याग्रस्त व्यवस्थापन समितिमा रहेको सहकारीको विवरण तालिका	१६	१८

		तालिका नं.	पेज नं.
१७.	रोष्टरमा नाम समावेश भएका लेखाविज्ञ/लेखा परीक्षक/लेखा प्राविधिकहरुको नामावली तालिका	१७	१८
१८.	सहकारीमा प्रयोग हुने एप्लिकेशन सफ्टवेयर सञ्चालन सम्बन्धी व्यवस्था तालिका	१८	१९
१९.	सहकारी एकीकरणको अवस्था तालिका	१९	२०
२०.	आ.व. २०८२/०८३मा एकीकरण भएका संस्थाहरुको नामावली तालिका	२०	२०
२१.	एकीकरण पूर्व स्वीकृति लिएका संस्थाहरु तालिका	२१	२०
२२.	१ अरवभन्दा माथिको कुल सम्पत्ति दायित्व भएका सहकारी संघ/संस्थाहरूको नामावली तालिका	२२	२१
२३.	५० करोडदेखि १ अरवभन्दा कम कुल सम्पत्ति दायित्व भएका सहकारी संघ/संस्थाहरूको नामावली तालिका	२३	२२
२४.	५० करोडभन्दा कम पच्चीस करोडसम्म कुल सम्पत्ति दायित्व भएका सहकारी संघ/संस्थाहरु तालिका	२४	२३
२५.	दुई वर्षको वित्तीय विवरणका आधारमा तुलनात्मक अवस्था विश्लेषण तालिका	२५	२७
२६.	कोशी प्रदेशमा सहकारी संघहरुको अद्यावधिकको अवस्था विश्लेषण तालिका	२६	२७
२७.	लेखापरीक्षणका आधारमा आ.व. २०८१/०८२ को जिल्लागत वित्तीय अवस्था तालिका		
	इलाम	२७	३०-३३
	उदयपुर	२८	३४-३५
	ओखलढुंगा	२९	३६-३७
	खोटाङ	३०	३८-३९
	झापा	३१	४०-५७
	ताप्लेजुङ	३२	५८-५९
	तेह्रथुम	३३	६०-६१
	धनकुटा	३४	६२-६३
	पाँचथर	३५	६४-६७
	भोजपुर	३६	६८-६९
	मोरङ	३७	७०-८५
	संखुवासभा	३८	८६-८७
	सुनसरी	३९	८८-९५
	सोलुखुम्बु	४०	९६-९७

कोशी प्रदेशको संक्षिप्त परिचय

नेपालको पूर्वी भूभागमा २६ डिग्री २२ मिनेटदेखि २८ डिग्री २ मिनेट उत्तरी अक्षांश र ८६ डिग्री ०३ मिनेटदेखि ८८ डिग्री ०३ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको कोशी प्रदेश, हिमाल, पहाड र तराईको अनुपम भौगोलिक तथा जैविक विविधताले भरिपूर्ण एक उदीयमान आर्थिक केन्द्र हो। कुल २५,९०५ वर्ग किलोमिटर क्षेत्रफल र करिब ४९ लाख ६१ हजार जनसंख्या समेटेको यस प्रदेशभित्र १४ वटा जिल्लाहरू पर्दछन्। सर्वोच्च शिखर सगरमाथादेखि जलस्रोतको अपार भण्डार 'कोशी नदी', पहाडी भेगका चिया तथा अलैंची जस्ता नगदेबाली र तराईका विराटनगर जस्ता बलिया औद्योगिक करिडोरसम्म फैलिएको यस प्रदेशले कृषि, पर्यटन, जलविद्युत र उद्यमशीलतामा अथाह सम्भावना बोकेको छ। यस अथाह सम्भावनालाई मुर्तरूप दिन यहाँको सहकारी अभियानले छरिएर रहेको पुँजी सङ्कलन, वित्तीय पहुँच विस्तार र प्राविधिक सीप विकासमा अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। विशेषगरी महिला सशक्तीकरण, कृषिको व्यावसायिकरण र साना तथा मझौला उद्योगहरूको प्रवर्द्धनमार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै समग्र कोशी प्रदेशको दिगो आर्थिक विकास र समृद्धिको दरिलो जग नै सहकारी क्षेत्र बन्ने सम्भावना छ।

नेपालमा सहकारीको विकासक्रम

नेपालमा सहकारी क्षेत्रको विकासका लागि २०१० सालमा सहकारी विभागको गठन २०१३ साल चैत्र २० मा पहिलो बखान सहकारी संस्थाको दर्ताबाट यो अभियानको संस्थागत शुरुवात भएको मानिन्छ। सरकारको कार्यकारी आदेशदेखि सहकारीको कानूनी प्रारुप भएकोमा पहिलो सहकारी ऐन हुँदै २०७२ को संघीयता सहितको संविधानले देशभरका ७६१ वटै सहकारीका इकाइहरुले सहकारी ऐन जारी गरी सहकारी संस्थाको नियमन र व्यवस्थापन गरी आएको देखिन्छ। यसको काल क्रम यस प्रकार रहेको छ।

- २००० सालमा बनेपामा सर्वप्रथम 'ल्याण्ड मोर्गेज बैंक एण्ड कोअपरेटिभ सोसाइटी' स्थापना भएको।
- २००६ सालमा 'ल्याण्ड मोर्गेज बैंक एण्ड कोअपरेटिभ सोसाइटी' खारेज गरिएको।
- २०१० सालमा योजना विकासका लागि कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना।
- २०११ सालमा पहिलो सहकारी समितिको विल जारी।
- २०१३ सालमा नेपाल सरकारद्वारा कार्यकारिणी आदेशमार्फत सहकारी संस्था गठनको प्रारम्भ भई सर्वप्रथम चितवन जिल्लामा बखान ऋण सहकारी समितिको गठन।
- २०१६ सालमा सहकारी संस्था ऐन, २०१६ जारी।
- २०१८ सालमा सहकारी संस्था नियम, २०१८ जारी।
- २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना। सहकारी बैंक ऐन, २०१९ जारी।
- २०२४ सालमा सहकारी बैंक कृषि विकास बैंकमा परिणत।
- २०२७ सालमा सहकारी संस्था ऐन, २०१६ मा दोस्रो संशोधन।
- २०२८ सालमा सहकारी संस्था नियमहरु, २०१८ मा प्रथम संशोधन।

- २०३३ सालमा सहकारी संस्था नियमहरु, २०१८ मा दोस्रो संशोधन। अनिवार्य बचत साझा संस्थाको शेयरमा परिणत।
- २०३४ सालमा साझा संस्था प्रशासन तथा आर्थिक नियम, २०३४ को व्यवस्था।
- २०४१ सालमा साझा संस्था ऐन, २०४१ जारी।
- २०४३ सालमा साझा संस्था नियमहरु, २०४३ जारी।
- २०४५ सालमा अनिवार्य बचत रकम बचतकर्तालाई फिर्ता गर्ने घोषणा।
- २०४७ सालमा सहकारी महासंघ परामर्श समिति गठन।
- २०४८ सालमा साझा केन्द्रीय कार्यालय विघटन। राष्ट्रिय सहकारी विकास बोर्ड तदर्थ रूपमा गठन।
- २०४९ सालमा सहकारी ऐन, २०४८ जारी। राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ जारी।
- २०४९ सालमा सहकारी नियमावली २०४९ जारी।
- २०५० सालमा राष्ट्रिय सहकारी संघ गठन।
- २०५४ सालमा राष्ट्रिय सहकारी संघलाई अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त।
- २०५७ सालमा कृषि मन्त्रालयमा सहकारीसमेत थप गरी कृषि तथा सहकारी मन्त्रालय भएको। सहकारी ऐन, २०४८ को दफा २६ मा प्रथम संशोधन भई सहकारी बैंक स्थापना गर्न सक्ने प्रावधान राखिएको।
- २०५८ सालमा एशिया तथा प्रशान्त क्षेत्रका सहकारी मन्त्रीहरुको छैटौं सम्मेलन काठमाडौंमा सम्पन्न।
- २०६० सालमा राष्ट्रिय सहकारी बैंक स्थापना। कृषि सहकारीको विकासका लागि सञ्जाल(NEDAC) को सातौं साधारणसभा काठमाडौंमा सम्पन्न।
- २०६३ सालमा नेपालको अन्तरिम संविधान २०६३ मा सरकारी, सहकारी र निजी क्षेत्रलाई आर्थिक विकासको आधारस्तम्भको रूपमा अवलम्बन। सहकारी सुवर्ण महोत्सव वर्ष २०६३ सम्पन्न।
- २०६९ सालमा सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना। राष्ट्रिय सहकारी नीति २०६९ जारी।
- २०७० सालमा राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न।
- २०७२ सालमा नेपालको संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने व्यवस्था।
- २०७३ सालमा कृषि सहकारीको विकास सञ्जाल (NEDAC) को साधारणसभा एवं गोष्ठी काठमाडौंमा सम्पन्न।
- २०७४ सालमा नेपालको सहकारी क्षेत्रको दीर्घकालीन योजना २०७४।०७५-२०९३।०९४ को मसौदा बोर्डबाट तयारी गरी नेपाल सरकार सहकारी तथा गरीवी निवारण मन्त्रालयमा पेश गरेको।
- २०७४ सालमा सहकारी ऐन २०७४ जारी।
- २०७४ सालमा दोश्रो सहकारी महासम्मेलन।२०७५ सहकारी नियमावली २०७५ जारी।
- २०७९ सालमा तेस्रो सहकारी महासम्मेलनले सन् २०३० सम्मको लक्ष्य निर्धारण।

- २०७९ सालमा स्थिरिकरण कोषको सचिवालय गठन भै कोष परिचालनमा आएको।
- २०८१ सालमा राष्ट्रिय सहकारी विकास बोर्ड खारेज गरी सहकारी संस्थाहरुको दोस्रो तहको नियामक निकाय राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन।
- २०८१ सालमा सहकारी ऐन २०७४ मा दोस्रो संशोधन गरी सहकारीलाई बैंक तथा वित्तीय संस्था सरहको मान्यता दिई बैंक तथा वित्तीय संस्थाहरुका लागि काम गर्ने कर्जा सुचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोषमा नै सहकारीलाई आवद्ध हुन पाउने व्यवस्था गरेको छ।

सबै प्रदेश र स्थानीय तहहरुमा सहकारी ऐन नियमावली तथा कार्यविधिहरु बनाइ कार्यान्वयनमा ल्याइएको छ। आर्थिक वर्ष २०८२।०८३ को तथ्याङ्कलाई मान्दा देशभर कार्यरत संस्थाहरुको संख्या ३२३२५ वटा मध्ये कोशी प्रदेशमा १०५९ सहकारी रहेका छन्। स्थानीय तहहरुमा वढी संख्यामा संस्थाहरु रहेका भए तापनि स्थानीय तहसँग सहकारीहरुको विवरण माग गर्दा सबै स्थानीय तहबाट प्राप्त गर्न नसकिएकोले तथ्याङ्क समेट्न सकिएन। भविष्यमा स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाई तथ्याङ्क व्यवस्थित गर्न आवश्यक छ।

नेपालको सहकारी प्रशासनको तुलनात्मक विवेचना

नेपालको सहकारी पद्धति परम्परागत रुपबाटै शुरु भएको पाइन्छ। गुठी परम्परा नै हाम्रो सहकारी पद्धतिको असली रुप हो। अहिलेसम्म पनि यसका विभिन्न स्वरुपहरु समाजमा यदाकदा पाइन्छ। 'नेपालको आर्थिक इतिहास' अनुसार २००० सालमा बनेपामा सर्वप्रथम 'ल्याण्ड मोर्गेज बैंक एण्ड कोअपरेटिभ सोसाइटी' स्थापना भएको थियो। ग्रामीण किसानलाई चर्को ब्याजबाट मुक्ति दिने उद्देश्यले उक्त संस्था स्थापना गरिएको थियो। किसानले लिएको चर्को ब्याजको ऋण उक्त संस्थामार्फत तिरिदिने, उनीहरूले बन्धक राखेको जग्गा निखनी दिने, कृषि र घरेलु उद्यम गर्नेलाई बीउ, मल तथा सहुलियत दरमा ऋण उपलब्ध गराउने संस्थाको उद्देश्य थियो। किसानहरूले उत्पादन गरेको अन्न तथा अन्य मालसामान संस्थाले नै उचित मूल्यमा बिक्री गरीदिने भनिएको थियो। उद्देश्य राम्रो हुँदाहुँदै पनि संस्था तत्कालीन राजनीतिको सिकार बन्यो र उद्देश्य अनुरूप काम गर्न सकेन। अन्ततः २००६ सालमा 'ल्याण्ड मोर्गेज बैंक एण्ड कोअपरेटिभ सोसाइटी' खारेजीमा पर्यो। यसै क्रममा हाम्रो देशमा राज्यकातर्फबाट वि.सं.२००० बैशाख १० गतेमा सरदार भीमबहादुर पाँडेलाई पत्र लेखि देशमा औद्योगिक तथा सहकारी क्षेत्रको संभाव्यता बारे अध्ययन गर्न निर्देशन दिइएको थियो। सहकारी क्षेत्रमा दक्ष जनशक्तिको तयारीका लागि कोलम्बो प्लान अन्तर्गत वि.सं.२००९ मा दुई जना वरिष्ट अधिकृतहरु र वि.सं.२०१० मा थप दुईजना सव-इन्स्पेक्टरलाई श्रीलंकामा अध्ययन गर्न पठाइयो। वि.सं.२००७ को राजनैतिक परिवर्तनपछि वि.सं.२०१० साल भाद्र महिनामा सहकारी विभाग जो नेपालका जेठा विभागहरु मध्येको एक विभागको गठन कृषि मन्त्रालय अन्तर्गत रहेको थियो। वि.सं.२०११ साल असार ६ गतेबाट नेपाल सहकारी समितिको विल २०११ जारी भएको थियो। सोही साल आएको भीषण बाढीबाट पीडितहरुको संकट मोचनका लागि गठन भएका बचत समुहहरुलाई पहिलोपटक वि.सं.२०१३ साल चैत्र २० गते चितवनको गुञ्जनगरमा बखान बचत तथा ऋण समूहलाई पहिलो सहकारी संस्थाको रुप दिइयो।

संघीयस्तरको सहकारी प्रशासन

क. भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः वि.सं.२००८।१।६ मा खाद्य, कृषि तथा भूमि व्यवस्था मन्त्रालयको गठन भएकोमा, २०१६ मा खाद्य, कृषि तथा वन मन्त्रालय, वि.सं.२०१९ मा पंचायत मन्त्रालय, २०२१ देखि २०२४ सम्म भूमिसुधार मन्त्रालय, २०२४ देखि २०३८ सम्म भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय, २०३८ देखि २०४२ सम्म पुनः भुमिसुधार मन्त्रालय, वि.सं.२०४३ देखि भूमिसुधार तथा व्यवस्था मन्त्रालय हुँदै वि.सं.२०६९ मा सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना र पछि यस मन्त्रालयलाई २०७४।१२।२८ मा कृषि मन्त्रालय, पशुपंक्षी मन्त्रालय, भूमि व्यवस्था सहकारी मन्त्रालयलाई गाभी २०७५।०४।१० मा भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय र हाल भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नामबाट काम गर्दै आएको छ।

ख. राष्ट्रिय सहकारी नियमन प्राधिकरणः वि.सं.२०१८ सालमा गैह्र कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि स्थापना भएको साझा विकास केन्द्रलाई वि.सं.२०४८ भाद्र १५ गते राष्ट्रिय सहकारी विकास बोर्डमा रुपान्तरण गरियो। यसलाई कानूनी रुप दिनका लागि राष्ट्रिय सहकारी बोर्ड ऐन २०४९ जारी गरी जनताको आर्थिक तथा सामाजिक विकासको सेवा तथा सुविधा सम्बन्धी, नीति निर्माण तथा तत्सम्वन्धी योजना तर्जुमा गरी राष्ट्रियस्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको विकासमा सघाउ पुऱ्याउने कामहरु सम्पादन गरी आएकोमा २०८१ सालमा राष्ट्रिय सहकारी बोर्ड ऐन २०४९ लाई सहकारी ऐन २०७४ को दोस्रो संशोधनले खारेज गरी दोस्रो तहको नियामक निकाय राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा रुपान्तरण गरियो।

ग. सहकारी विभागः हाल सहकारी विभाग, भूमि व्यवस्था सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत राखिएको छ। सहकारी क्षेत्रको मानक निकायका रूपमा यसले काम गर्नुका अलावा दुई वा सोभन्दा वढी प्रदेश वा देशभर कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको नियमनका काम यसले गरी आएको साथै स्थानीय तह र प्रदेश तहसँगको समन्वयको काम यसबाट सम्पादन हुँदै आएको छ।

घ. सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रः वि.सं.२०१९ सालदेखि देशमा सुशासनयुक्त सहकारी संस्कृति निर्माणका माध्यमबाट सहकारी शिक्षा, तालिम र अनुसन्धानमूलक क्रियाकलापहरुलाई आधुनिक एवं वैज्ञानिक बनाउँदै सहकारी क्षेत्रमा आवध्द जनशक्तिको व्यवस्थापकीय क्षमतामा गुणस्तरीय परिवर्तनको सुनिश्चितता ल्याई आएको छ। तत्कालीन अवस्थामा पाँच विकास क्षेत्रहरु सुनसरी, चितवन, कास्की, बाँके, र कैलालीमा स्थापना गरिएकोमा हाल पाँचै विकास क्षेत्रका कार्यालयहरु प्रदेशस्तरमा सञ्चालन भएको छ। केन्द्रले संघीयस्तरमा मात्रै काम गरेको देखिन्छ।

ङ. कर्जा असुली न्यायधिकरणः सहकारी संस्थाहरुको कर्जा असुली सम्बन्धी मुद्दाहरूको छिटो, छरितो एवम् प्रभावकारी ढङ्गबाट शुरु कारबाही र किनारा गरी सहकारी संस्थाहरुले आफ्ना ऋणीहरुबाट उठाउन नसकेको कर्जा असुलउपर गर्ने गराउने उद्देश्यले सहकारी ऐन, २०७४ को दफा ८२ तथा सहकारी

नियमावली, २०७५ को नियम ४२बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०३।१३ को निर्णयानुसार मिति २०८२।०३।२३ को राजपत्रमा सूचना प्रकाशित गरी तीन सदस्यीय कर्जा असुली न्यायाधिकरण गठन भएको हो। यस कर्जा असुली न्यायाधिकरणले मिति २०८२।०३।२५ गतेदेखि काठमाडौंको नयाँ बानेश्वरस्थित सहकारी परिसरमा कार्यालय स्थापना गरेर आफ्नो काम कारबाही नियमित रूपमा गरीरहेको छ।

च. कर्जा सूचना केन्द्रः नेपाल राष्ट्र बैंक, नेपाल सरकार, बैंक तथा वित्तीय संस्थाहरू र वित्तीय क्षेत्रका अन्य सरोकारवालाहरूले ऋणीसम्बन्धी पर्याप्त, विस्तृत तथा भरपर्दो सूचना प्रणालीको आवश्यकता महसुस गरी आवश्यकतालाई सम्बोधन गर्न नेपाल बैंकर्स संघ (Nepal Bankers Association) अन्तर्गत **वि.सं.२०४६ (सन् १९८९)** मा **क्रेडिट इन्फर्मेसन ब्युरो (Credit Information Bureau)** गैर-नाफामूलक संस्थाका रूपमा स्थापना गरिएको थियो। यसको मुख्य उद्देश्य सदस्य संस्थाहरूलाई आवश्यक कर्जा सूचना उपलब्ध गराई उनीहरूलाई तथ्यमा आधारित तथा वस्तुनिष्ठ कर्जा निर्णय लिन सहयोग गर्नु थियो। सहकारी संस्था पनि कर्जा सूचना केन्द्रमा आवद्ध हुनुपर्ने व्यवस्था गरिएको छ।

१. साविकको व्यवस्था

क. अञ्चल कार्यालयको व्यवस्थाः सहकारी संस्थाको दर्ता, निरीक्षण, लेखा परीक्षणको स्वीकृति, एकीकरण तथा विभाजन, खारेजी र विघटनको स्वीकृति दिने कामका लागि वि.सं.२०२२ सालबाट अञ्चल स्तरीय सहकारी कार्यालयको स्थापना भएको सो व्यवस्था २०२६ सालबाट खारेज गरी हरेक जिल्लाबाटै यो काम सम्पादन हुने व्यवस्था मिलाइयो।

ख. क्षेत्रीय कार्यालयः वि.सं.२०३० सालबाट ५ वटै विकास क्षेत्रमा क्षेत्रीय सहकारी कार्यालय स्थापना गरी जिल्लास्तरमा सहकारीको नियामकीय कार्य गर्दै आएका कर्मचारीहरुको खटनपटन लगायतका काम गर्नका लागि क्षेत्रीय कार्यालयको स्थापना गरिएकोमा सो व्यवस्था वि.सं.२०५० सालबाट खारेजी गरियो। यसरी नै सहकारी प्रशिक्षण केन्द्रका रूपमा सबै विकासक्षेत्रमा क्षेत्रीयस्तरको सहकारी प्रशिक्षण कार्यालयसमेत अस्तित्वमा रहेको पाइन्छ।

२. संघीय व्यवस्था लागु भएपछि प्रदेशस्तरीय सहकारी प्रशासन

क. प्रदेश सहकारी हेर्ने मन्त्रालयः

नेपालको संविधान २०७२ को अनुसूची ६ ले दिएको अधिकार अन्तर्गत सहकारी संस्थाको प्रादेशिक नीति कानून, मानदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी अधिकार, प्रादेशिक सहकारी बैंक सञ्चालन अनुमति सञ्चालन र नियमन सम्बन्धी अधिकार, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मानदण्ड र नियमनको अधिकार, सहकारी सम्बन्धी केन्द्रीय विषयगत र अन्तरप्रादेशिक संघसंस्थासँग समन्वय र सहकार्यको

अधिकार, सहकारी सम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, सहकारीको क्षमता विकास एवं सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालनका कामहरु गर्नका लागि प्रदेशस्तरमा एक मन्त्रालयको परिकल्पना गरिएको छ। यस अन्तर्गत कोशी प्रदेशको गठन हुँदादेखि नै कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गठन भएकोमा हाल त्यसमा उद्योग मन्त्रालयसमेत गाभी यसलाई औद्योगिकरणमासमेत जोड दिएको पाइन्छ। अन्य प्रदेशहरुमा सहकारीलाई कुनै न कुनै ढंगले मन्त्रालयका रूपमा स्थापना गरिएको छ। प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय सहकारी ऐनको कार्यान्वयनका लागि प्रत्येक प्रदेशले मन्त्रालयमै एक विभागका रूपमा वा अलग्गै कार्यालयका रूपमा प्रदेशका सहकारीहरुलाई नियमन गर्न कार्यालय स्थापना गरी सहकारी प्रशासनलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ। कोशी प्रदेशमा पहिला सहकारी प्रशिक्षालय र सहकारी रजिष्ट्रार कार्यालय अलग्गै भएकोमा दुवैलाई मिलाइ प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशीक्षण कार्यालयको सञ्चालन गरिएको छ। प्राय सबै प्रदेशहरुमा यसलाई एक अलग्गै इकाइका रूपमा स्वीकारिएको देखिन्छ।

ख. समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयः प्रदेश सहकारी ऐन, २०७६ को दफा ९६ अनुसार कुनै सहकारी संघ वा संस्थालाई प्रदेश सरकारबाट समस्याग्रस्त घोषणा भएपछि त्यस्ता सहकारी संघ/संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि बनाइएको समिति नै समस्याग्रस्त सहकारी व्यवस्थापन समिति हो।

कोशी प्रदेश भरी कार्यक्षेत्र भई समस्याग्रस्त भएका सहकारीहरूको सम्पतिको व्यवस्था तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न मिति २०८१/०९/१८ मा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको छ।

ग. जिल्लास्तरीय कार्यालय

वि.सं.२०२६ सालबाटै शुरुवात भएको सबै जिल्लाहरुमा सहकारीका कार्यालयहरुबाट सहकारी संस्थाको प्रशासन हुँदै आएको थियो। वि.सं.२०६१ मा ६८ जिल्लाबाट हुँदै आएको सहकारी प्रशासनलाई ३० वटा जिल्ला कटौती गरी ३८ वटा डिभिजन सहकारी कार्यालयहरु मात्रै कायम गरियो। क्षेत्रीय तालिम केन्द्र भएका जिल्लाहरुमा सहकारी प्रशासनको कामसमेत प्रशिक्षण केन्द्रले गर्दै आएकोमा वि.सं.२०७२ मा नेपालको संविधान जारी भएपछि भएको नयाँ निर्वाचित सरकारले संघीय व्यवस्थाको प्रारम्भ गर्ने सिलसिलामा साविकको जिल्ला रहने सबै व्यवस्थाको अन्त गरी पालिकास्तरले पनि सहकारी सम्बन्धी अधिकारहरुको सुनिश्चितता संविधानको अनुसूची ८ मा एकल अधिकारका रूपमा सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मानदण्ड, कार्यान्वयन र नियमनको अधिकार, स्थानीय सहकारी संस्था दर्ता अनुमति खारेजी र विघटनको अधिकार, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मानदण्ड, नियमनको अधिकार, सहकारी सम्बन्धी राष्ट्रिय केन्द्रीय विषयगत प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय र सहकार्यको अधिकार, सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन अध्ययन अनुसन्धानको अधिकार, स्थानीय सहकारी सम्बन्धी क्षमता अभिवृद्धिको अधिकार, स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन परिचालनको अधिकार र सहकारी संस्थाको प्रवर्द्धन र विकासका लागि काम गर्ने अवसर दियो। यसै सिलसिलामा संघीयतामा आधारित

संविधानले दिएको अधिकार प्राप्त गरी बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले जिल्लाको सट्टा सबै गाउँपालिका र नगरपालिकाहरुले स्थानीय सरकारको हैसियत प्राप्त गरेपछि हरेक पालिकाहरुले आफ्नो पालिकाहरुमा छुट्टै सहकारी ऐन तथा नियमावली जारी गरी संविधानले सूचीकृत गरेका अधिकारहरुको उपयोग गर्न थालेका छन्।

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको परिचय:

नेपालको संविधान २०७२ जारी भएपछि सो संविधानले परिकल्पना गरेअनुसार संविधानको अनुसूची ५ देखि ९ सम्म उल्लिखित अधिकारहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारबाट स्वीकृत भएको कार्यविस्तृतिकरण अनुसार २ वटा पालिका वा सो भन्दा वढी प्रदेशभरका १४ जिल्लासम्म कार्यक्षेत्र रहेका सहकारी संघ संस्थाहरु यस प्रदेशको नियमन क्षेत्राधिकार अन्तर्गत पर्ने हुन्छ। यी सहकारी संघसंस्था र प्रदेशमा नयाँ दर्ता हुने सहकारी संघ/संस्थाहरुसमेतको नियमन, प्रवर्द्धन र प्रशिक्षण लगायतका कार्यहरु अगाडि बढाउने नियमनकारी निकायको रूपमा प्रदेश सरकार, भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय अन्तर्गत प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको स्थापना भएको हो। प्रदेशमा सहकारी संघसंस्थाहरुको नियमनकारी निकायको रूपमा प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको स्थापना २०७७ साल बैशाख १५ गते भएको हो। साविकको सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय इनरुवा, सुनसरीको भवनमा मिति २०७५ कार्तिक २८ गतेका दिन स्थापना भएको सहकारी प्रशिक्षालयलाई २०७९ बैशाख १९ गते एकीकरण गरी प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयका रूपमा स्थापना गरी सञ्चालनमा ल्याइयो। हाल यसको कार्यालय साविकको सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालयको भवनबाट प्रशासनिक तथा प्रशिक्षणका कार्यहरु सञ्चालन भैरहेका छन्। यस कार्यालयमा हाल जम्मा १९ जना कर्मचारीहरुबाट नियमित रूपमा कार्यसञ्चालन गरीरहेको अवस्था छ।

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको दरवन्दी तेरिज

*तालिका-१

सि.नं.	विवरण	पद/नाम	तह	दरवन्दी
१	कार्यालय प्रमुख	रजिष्ट्रार	९-१०	१
२	प्रशासन तथा योजना शाखा	शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत	७-८	१
३		सहायक अधिकृत/नायव सुब्बा	५/६	३
४		लेखापाल /सहायक अधिकृत	५/६	१
५		कम्प्यूटर अपरेटर/सहायक कम्प्यूटर अधिकृत	५/६	१
६		ह.स.चा.	विहिन	१
७		का.स.	विहिन	२
८	तालिम अध्ययन तथा अनुसन्धान शाखा	शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत	७-८	१
९		सहायक अधिकृत/नायव सुब्बा	५/६	१
१०	संस्था सँगठन शाखा	शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत	७-८	१

११		सहायक अधिकृत/नायव सुब्बा	५/६	१
१२	लेखा परीक्षण तथा	शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत	७-८	१
१३	अनुगमन शाखा	सहायक सहकारी निरीक्षक	५/६	४
जम्मा				१९ जना

प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षण कार्यालयबाट सञ्चालन हुने कार्यहरुः

- प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी संघ संस्थाको दर्ता गर्ने
- सहकारी संघ संस्थाको विनियममा संशोधन स्वीकृति दिने,
- सहकारी संघ संस्थाको नियमित/सघन अनुगमन,
- आफ्नो नियमन क्षेत्राधिकारभित्रका सहकारी संघ संस्थाहरु सम्बन्धी गुनासो सुनुवाइ गर्ने,
- सहकारी संघ संस्थाहरुको एकीकरण वा विभाजन प्रस्तावको स्वीकृति दिने,
- सहकारी संघ संस्थाको विघटन र लिक्विडेटरको नियुक्ति,
- प्रदेश सहकारी ऐन नियम मापदण्ड कार्यविधि तथा सहकारी सम्बन्धी प्रचलित कानूनबमोजिम कार्यहरु गर्ने,
- प्रदेश सहकारी ऐन नियम तथा प्रचलित कानूनको कार्यान्वयन गर्न आवश्यक मापदण्ड कार्यविधि तथा निर्देशिकाको मसौदा तयार गर्ने,
- सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ जस्ता अन्य सम्बन्धित कानूनको प्रावधानहरुको पालना गर्ने गराउने,
- आफ्नो नियमन क्षेत्राधिकारभित्रका सहकारी संघ संस्थाहरुको तथ्याङ्क व्यवस्थापन गर्ने,
- सहकारी दर्ता र नियमन सम्बन्धमा एकरुपता कायम गर्न स्थानीय तहका सहकारी शाखा हेर्ने, कर्मचारीहरुका लागि तालिम सञ्चालन तथा अन्य विषयहरुमा आवश्यक सहजीकरण गर्ने।

सहकारीमा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था

आन्तरिक नियन्त्रण प्रणाली सहकारी संस्थाको सुशासन प्रवर्द्धन गर्ने महत्त्वपूर्ण माध्यम हो। आन्तरिक नियन्त्रण प्रणालीले मात्र संस्थाका जिम्मेवार पदमा निकाय, समिति तथा व्यक्तिहरू कानूनको भावनातर्फ उन्मुख हुन सक्छन् भन्ने मान्यता राखिन्छ। सहकारीको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नः

- सहकारी संस्थाको विनियममा प्रबन्धित ऐन, नियमबमोजिम सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, आवश्यकता अनुसार उपसमितिहरू (ऋण उपसमिति, शिक्षा उपसमिति आदि) गठन गरिएका छन्।
- प्रत्येक समिति उपसमितिले सम्बन्धित विषयको नीति, कार्यविधि तयार गरी सञ्चालक समितिमार्फत साधारणसभामा पेश गरी पारित गर्ने व्यवस्था भएको पाइन्छ।

- प्रत्येक पदको (अध्यक्ष, सचिव, लेखा सुपरिवेक्षण संयोजक, व्यवस्थापक) कार्यविधि स्पष्ट तोकिएको छ।
- सन्तुलन नियन्त्रणका लागि आवश्यक विधि नियमन गरिएको पाइन्छ।

तर पनि

- लेखा सुपरिवेक्षण समितिको भूमिका अधिकांश सहकारीमा कमजोर देखिएको छ।
- सामूहिक निर्णय भन्दा एकल निर्णय (खासगरी सञ्चालक अध्यक्षको) हावी हुने देखिन्छ।

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, इनरुवा, सुनसरीबाट बार्षिक रूपमा सञ्चालन भएका कार्यक्रम तथा गतिविधिहरुको समीक्षाः

प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयबाट आर्थिक वर्ष २०८२।०८३ मा विनियोजित बजेटको चालु तथा पूँजीगत खर्चको अलग अलग विवरण देहायबमोजिम रहेको छ।

१.प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको वित्तीय विवरण

*तालिका-२

सि.नं.	बजेट उपशीर्षक नं. ३१२०३०१२३	बिनियोजित बजेट	जम्मा खर्च	वित्तीय प्रगति प्रतिशत
१	चालु	२९२४२०००.००	२४२२१५८२.२५	८२.८३
२	पूँजीगत	१०००००.००	९८४७०९.००	९८.४७
३	जम्मा	३०२४२०००.००	२५२०६२९१.२५	८३.३५

२. राजश्वतर्फ

*तालिका-३

सि.नं.	विवरण	रकम
१	प्रशासनिक दण्ड जरिवाना (राजस्व)	८३१३७५.००
२	अन्य प्रशासनिक सेवा शुल्क	१४७५.००
३	बेरुजु असुली	२२७२३५.२०
४	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	२०९०८
	जम्मा	१०८०९९३.२०

३. अनुगमन निरीक्षणतर्फ

*तालिका-४

सि.नं.	विवरण	जम्मा
१	नियमित अनुगमन/उजुरीसमेत	१८०
२	सघन अनुगमन	१६
३	निष्क्रिय सहकारी संस्थाको अनुगमन	३४
४	अनुगमनका आधारमा निर्देशन	१७४
५	लेखा परीक्षणका आधारमा निर्देशन	१
६	निर्देशन कार्यान्वयन सम्बन्धमा सहकारी संस्थाबाट प्राप्त जानकारी/प्रतिवद्धता	९१
७	गत वर्षको उजुरी अल्या	४५
८	यस आ.व.को उजुरी	३५
९	जम्मा उजुरी	८०
१०	उजुरीको छानबिन/पत्राचार/अनुगमन	४६
११	उजुरीको फर्स्यौट	२३
१२	COPOMIS को पासवर्ड वितरण	८१४
१३	पालिकासँग संयुक्त अनुगमन	७६
१४	विज्ञबाट हिसाब छानविन र परामर्श	९
१५	मुद्दा/प्रहरीमा सहजीकरणको लागि सिफारिस	२
१६	समस्याग्रस्त घोषणा सिफारिस	१
१७	सहकारीमा प्रयोग हुने एप्लिकेशन सफ्टवेयर सूचिकरण	२३
१८	माघ १५ सम्म विवरण बुझाउने सहकारी संस्थाको संख्या	४६०
१९	माघ १५ पछि जरिवाना तिरी विवरण बुझाउने सहकारी संस्थाको संख्या	१०३
२०	जम्मा विवरण बुझाउने सहकारी संस्था	५६३

४. संस्था संगठनतर्फको विवरण

*तालिका-५

सि.नं.	विवरण	जम्मा
१	विनियम पुनर्लेखनका लागि पूर्व स्वीकृति	३१
२	पुनर्लेखित विनियम स्वीकृति	२४
३	विनियम संशोधन सैद्धान्तिक सहमति	१४
४	विनियम संशोधन	४६
५	एकीकरण सम्बन्धी पूर्व स्वीकृति	१
६	एकीकरण	२
७	सिफारिस	१४
८	कार्यक्षेत्र घटाएको/स्थानीयमा गएको	१०
९	सेवा केन्द्र समायोजन	५
१०	प्रदेशको संस्था स्थानीयबाट फायल आएको	४
११	संस्था खारेजी	७
१२	Gioms लागु भएको	कात्तिक १ गतेबाट

५. स्थानीय पालिकामा सहजीकरण गरिएको विवरण

*तालिका-६

सि.नं.	पालिकाको नाम	पटक	कार्यक्रमको नाम
१	बराहक्षेत्र नगरपालिका	१	कोपोमिस
२	हरिनगरा गाँउपालिका	१	कोपोमिस
३	केराबारी गाँउपालिका	१	ऐन, नियम तथा मापदण्ड
४	विराटनगर महानगरपालिका	१	ऐन, नियम तथा मापदण्ड
५	कानेपोखरी गाँउपालिका	१	संस्थागत सुशासन
६	कमल गाँउपालिका	१	कोपोमिस
७	भद्रपुर नगरपालिका	१	पर्ल्स र सदस्य केन्द्रीयता

६. संयुक्त अनुगमन निरीक्षण गरिएका पालिकाहरु

*तालिका-७

सि.नं.		संख्या
१	सुन्दरहरैचा नगरपालिका, मोरङ	१३
२	बेलका नगरपालिका, उदयपुर	५
३	त्रियुगा नगरपालिका, उदयपुर	६
४	दमक नगरपालिका, झापा	२१
५	इटहरी उप-महानगरपालिका, सुनसरी	६
६	बराहक्षेत्र नगरपालिका, सुनसरी	१८
७	चौदण्डी नगरपालिका, उदयपुर	७
जम्मा		**७६**

७. यस वर्ष प्रदेशस्तरीय संस्थाहरुको कार्यक्षेत्र घटाइ स्थानीयमा गएका संस्थाहरुको विवरण

*तालिका-८

सि.नं.	नाम	ठेगाना
१	श्री कागतेपानि कृषि सहकारी संस्था लि.	इलाम
२	चेलीवेटी महिला कृषि सहकारी संस्था लि.	लेटाङ, मोरङ
३	ब्रहमाण्ड अपाङ्ग र महिला बचत तथा ऋण सहकारी संस्था लि.	मेचीनगर २, झापा
४	फूलबासा कृषि सहकारी संस्था लि.	मेचीनगर १३, झापा
५	नौलो भविष्य साना किसान कृषि सहकारी संस्था लि.	कचनकवल, झापा
६	प्रगति बहुउद्देश्यीय सहकारी संस्था लि.	महालक्ष्मी १०, धनकुटा
७	देउमाई बहुउद्देश्यीय सहकारी संस्था लि.	देउमाई, इलाम
८	अजम्बरे चिया उत्पादक सहकारी संस्था लि.	देउमाई, इलाम
९	स्वंय सहायता महिला तथा अपाङ्ग कृषि सहकारी संस्था लि.	घेराबारी, झापा
१०	हिलटप चिया उत्पादक सहकारी संस्था लि.	देउमाई, इलाम

८. पालिकाबाट आएका प्रदेशस्तरीय फायलहरु

*तालिका-९

सि.नं.	सहकारी संस्थाको नाम	ठेगाना
१	नारी उत्प्रेरणा बचत तथा ऋण सहकारी संस्था लि.	लेटाङ्ग, मोरङ
२	घरयासी महिला कृषि सहकारी संस्था लि.	लेटाङ्ग,मोरङ
३	प्रगति ग्रामिण विद्युत सहकारी संस्था लि.	फिदिम १, पाँचथर
४	मिलन कृषि सहकारी संस्था लि.	फिदिम १, पाँचथर

नोटः यस कार्यालयको क्षेत्राधिकारभित्र रहने सहकारी संघ/संस्थाहरू पालिकामा छुटेर आएका फायलहरू

९. आ.व. २०८२/०८३ मा खारेज गरिएका संस्थाहरु

*तालिका-१०

सि.नं.	नाम	ठेगाना
१	कोसेली बचत तथा ऋण सहकारी संस्था लि.	बेलवारी ११, मोरङ
२	नवजागरण बहुउद्देश्यीय सहकारी संस्था लि.	साविक मृगौलिया ५, मोरङ
३	निलकण्ठ कृषि सहकारी संस्था लि.	दुहवी २, सुनसरी
४	आरोग्य स्वास्थ्य सेवा (अस्पताल) सहकारी संस्था लि.	दुहवी ४, सुनसरी
५	जब्दी महिला कृषक बचत तथा ऋण सहकारी संस्था लि.	इटहरी १९, सुनसरी
६	आदर्श कृषि सहकारी संस्था लि.	इटहरी १६, सुनसरी
७	तिनकुने महिला बचत तथा ऋण सहकारी संस्था लि.	रामधुनी ८, सुनसरी

तालिम सञ्चालनसम्बन्धी विवरण

वि.सं.२०१९ साल देशमा सुशासनयुक्त सहकारी संस्कृति निर्माणका माध्यमबाट सहकारी शिक्षा, तालिम र अनुसन्धानमूलक क्रियाकलापहरुलाई आधुनिक एवं वैज्ञानिक बनाउँदै सहकारी क्षेत्रमा आवद्ध जनशक्तिको विकासका लागि गठन भएको सहकारी प्रशिक्षण कार्यालयपछि पाँच विकास क्षेत्रमा विस्तार गर्ने क्रममा तत्कालीन सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालयको निरन्तरताका रूपमा प्रदेश सरकारले प्रदेशस्तरमा सहकारीका सञ्चालक, कर्मचारी तथा स्थानीय पालिकाको सहकारी शाखामा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने उद्देश्यका साथ सहकारी प्रशिक्षालय गठन भएकोमा तत्कालीन प्रदेश सरकारले सहकारीको नियामक निकाय प्रदेश सहकारी रजिष्ट्रार कार्यालयसमेतलाई एकीकरण गरी प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको गठन भएक छ। यसवर्ष यस कार्यालयले तालिम तथा क्षमता विकासतर्फ देहायबमोजिम कार्यप्रगति भएको कुरा यस पुस्तिकाको एक अंगका रूपमा देखाइएको छ।

तालिम कार्यक्रमको प्रगति

*तालिका-११

सि.नं.	तालिमको विवरण	तालिम संख्या	सम्पन्न तालिम	उपस्थित संख्या						
				आदिबासी	मधेसी	दलित	अन्य	महिला	पुरुष	जम्मा
१	आधारभूत सहकारी लेखापालन सम्बन्धी (५ दिने) तालिम	२	२	१९	३	२	२८	१५	३७	५२
२	सहकारी सचेतना तथा जागरण तालिम (३ दिने)	१	१	११	१	२	१२	१९	७	२६
३	अभिलेख व्यवस्थापन तथा पर्ल्स अनुगमन सम्बन्धी तालिम (५ दिने) तालिम	२	२	२०	२	०	३३	२७	२८	५५
४	कोपोमिस सम्बन्धी तालिम (३ दिने)	४	४	३६	७	५	५३	४१	६०	१०१
५	सहकारी व्यवस्थापन तालिम (५ दिने)	३	३	१६	८	२	४९	३७	३८	७५
६	विधि व्यवस्थापन तथा बजेट तर्जुमा तालिम (५ दिने)	१	१	९	३	०	१६	११	१७	२८
७	TOT (प्रशिक्षक प्रशिक्षण तालिम (७ दिने)	१	१	४	०	०	२१	४	२१	२५
८	सहकारीको दिगोपन एवं नेतृत्व विकास सम्बन्धी तालिम (५ दिने)	१	१	८	१	०	१५	११	१३	२४
९	पालिका स्तरीय/संघ स्तरीय अन्तरक्रिया गोष्ठी कार्यक्रम (१ दिने)	४	४	६९	१९	४	२१६	७३	२३५	३०८
१०	सहकारी दिवस	१	१	५	६	१	७४	१३	७३	८६
११	सरोकारवाला निकायसँग अन्तरक्रिया गोष्ठी	२	४	६५	९६	११	१२५	१००	१९७	२९७
१२	स्थानीय तथा सहकारी शाखामा कार्यरत कर्मचारीहरुका लागि लेखा व्यवस्थापन तालिम (५ दिने)	२	२	१३	५	०	३५	१२	४१	५३
	जम्मा	**२४**	**२६**	**२७५**	**१५१**	**२७**	**६७७**	**३६३**	**७६७**	**११३०**

प्रदेश सरकारको नियमन क्षेत्राधिकारमा पर्ने सहकारी संघ संस्थाहरुको अवस्था:

एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संघ संस्थाहरु प्रदेश सरकारको नियमन क्षेत्राधिकारमा पर्ने व्यवस्था अनुसार २०७५ असार मसान्तसम्ममा प्रदेशका १४ जिल्लामा रहेका साविकको इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा र उदयपुर गरी ६ वटा डिभिजन सहकारी कार्यालयहरुका १०६५ सहकारी संघ/संस्थाहरु प्रदेश सरकार भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालयमा हस्तान्तरण भएका हुन। प्रदेश सरकारबाट भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालय अन्तर्गत २०७८।१०।२४ मा प्रदेश सरकारको निर्णयबाट साविकको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट कृषि मन्त्रालय हटाइ सहकारी मन्त्रालय बनाइयो। अलग्गै मन्त्रालय बनाउँदा साविकको सहकारी प्रशिक्षालय इनरुवा र प्रदेश सहकारी रजिष्ट्रार कार्यालयलाई एकीकरण गरी मिति २०७९।१।२९ बाट प्रदेश सहकारी रजिष्ट्रार

तथा प्रशिक्षण कार्यालयको गठन भै दुवै कार्यालयको काम कारवाही गर्दै आएको छ। साविकमा डिभिजनबाट मन्त्रालयमा हस्तान्तरण भएका १०६५ संस्था रहेकोमा पछि संस्थाहरु एकीकरण, नयाँ दर्ता, खारेजीसमेत हुँदा यस आर्थिक वर्षसम्ममा १०५९ संस्थाहरु पुग्न गएका छन्। साविकको डिभिजन कार्यालयले नयाँ राजनैतिक विभाजन पछिका गाउँ तथा नगरपालिकाहरुको सही पहिचान गरी सोका आधारमा कार्यक्षेत्र छुट्याउँदा भएका कमजोरीका कारण कतिपय प्रदेशमा आउनुपर्ने संस्थाका फायलहरु पालिकामा गएकाले ती फायलहरुको हेराफेरी तथा स्थानीय सहकारीहरुको एकीकरण भै प्रदेशमा फायलहरु आउने जानेक्रम चलिरहेकै छ। अझै पनि यस प्रकारका संस्थाहरु रहेको अनुमान छ। सहकारीलाई विषयगत आधारमा विश्लेषण गर्दा देहायको अवस्था देखिन्छ।

*तालिका-१२

सि.नं.	जिल्ला	जम्मा सदस्य	संचालक जम्मा	कर्मचारी जम्मा	शेयर	बचत	कोष	ऋण लगानी	आम्दानी	खर्च	जम्मा सम्पत्ति/दायित्व
१	उदयपुर	१११७६	१६७	५४	८७४८६०३२	५६१४८६८१५	१००९११५१८७	६७५०९३७७३	१२२३९३१८४	१०७५८०५४७	८५५११५८३३
२	ओखलढुंगा	६२४६	८२	१७०	६६९३२१००.००	३३५६५२९६९.००	४२४६७१६७.००	३२६६८६८३८.००	५१३०८४३३.००	३९६९७६८८.००	४८०८६२०९४.००
३	इलाम	१२६३५	२८०	९४	२१६५८९१३७	७०५५०३५३२	१५१०००० ८३	७८४७४०८६५	२५९६२७०३१	२३४७७९०००	११७५७०५३२३
४	खोटाङ्ग	२७४७	१२६	१४	३५४७५२१०	१६४०९५८९६	२७११७९०२	१७२३६७३५७	१६०५६८५७	१४६८६२०९	२५८४४८६४०
५	झापा	१००५६२९	२१४६	५४०९	८९५६३४६०९२	५९९६३०९०७९९	६६५७०९०९५५	५८९९७३५४०५९	१०४२१५५१०८८	९४८७२८५०३८	८२७११००५९८९
६	ताप्लेजुङ्ग	८५१७	१४६	३७	११२७३२७३५	२८००५९५२३	८५५२५००६	२७८०४९४०७	११२३७२०२९	१०२९३३४०५	५१७४३७७७२
७	तेह्रथुम	३१८५	१२०	२२	६४६६०७००	२१४२९९२७४	६६१७०६०५	२२७३०३०४८	४३९९५३२३	३५४६०११७	४२१८५३८६६
८	धनकुटा	६४५२	१६६	३४	७४७५८१३०	३०८१३२१३७	८५१२७९५२	३५५९०७९३१	१५२६१५४११	१३३५२५८३७	५५१७३३९४८
९	पाँचथर	११३०८	२४९	५४	१०५२८३२२६	५३०१६५५६७	९३४१८९१९	४१३८०४३४६	६९८२४१७३	४३१४४६८०	६६८९०२७०१
१०	भोजपुर	९६१	४८	५	६५२७९००	२६६९८८४५	३८७८६०८	२२५९१५९३	१३८६१७८	७०८८३७२	५११०५२६६
११	मोरङ	२५०५१५	२२४६	१२९९	३२५७३१७१९९	१७८११७०३३१३	२३६९८०३४५१	१६००९८०९४११	३१५००७२६६२	२८५६५०८५७४	२४२०८५४५१०१
१२	संखुवासभा	२६५८	१२३	१६	१७७२७६७९	७२३०७०४३	२०४२६३०७	७३३३४२६६	१४२६४३५५	४८६५०३१९	११८३६१४५९
१३	सुनसरी	१२२३२०	९२२	७४३	१४६६३७९४१९	७६२८२३०४७६	१५२९२७७२६७	७४५५१७९४३५	२२४४९७०४८२	१९९७७१३२१५	१२१४५०७३०१६
१४	सोलु	५८४	२७	३	१९९२२४००	१४१८२६४७४	१३८५७५२५	१११४५८५३५	८७१११६२	६८८९६५८	२०३३१७२७७
जम्मा		**१४४४९३३**	**६८४८**	**७९५४**	**१४४८८१३७९५९**	**८८७४३२५२६६३**	**११२४६०७६९३४**	**८५९०४६८०८६४**	**१६६५९१४८३६८**	**१५११५९४२६५९**	**१२४३६७४६८२८५.००**

** स्रोत: आ.व. २०८१/०८२ को यस कार्यालयमा पेश भएको ले.प. प्रतिवेदन*

प्रदेशको नियमन क्षेत्राधिकारभित्र संस्थाहरुको जम्मा सम्पत्ति दायित्व रु. १२४३६७४६८२८५/- शेयरपूजी रु. १४४८८१३७९५९/- बचत दायित्व रु. ८८७४३२५२६६३/- तथा कोष दायित्व रु. ११२४६०७६९३४/- मध्येबाट ऋण परिचालन रु. ८५९०४६८०८६४/- अर्थात कुल सम्पत्तिमा (६९.०७) ऋण परिचालन भएको देखिन्छ। अन्य रकम स्थिर सम्पत्ति, तरलता व्यवस्थापन र शेयर लगानी हिसावमा रहेको छ।

विषयगत सहकारीहरुको अवस्था:

*तालिका-१३

सि. नं.	जिल्ला	कार्यप्रकृति									जिल्लागत जम्मा
		बचत तथा ऋण	बहुउद्देश्यीय	कृषि	दुग्ध	विद्युत तथा बैकल्पिक उर्जा	संचार	संघ	विशिष्ट्रिकृत संघ	विविध	
१	ताप्लेजुङ्ग	५	३	४	०	४	०	२		३	२१
२	पाँचथर	८	४	१७	१	४	२	५		३	४४
३	इलाम	६	७	३१	८	०	४	६		२	६४
४	झापा	१४८	५५	८१	९	०	०	६	२	१९	३२०
५	मोरङ	१६२	४७	३०	५	२	३	१२	१	१८	२८०
६	सुनसरी	५५	१७	३७	४	०	३	६	१	८	१३१
७	भोजपुर	७	०	४	०	१	२	४		१	१९
८	सोलुखुम्बु	७	१	२	०	०	०	३		१	१४
९	खोटाङ्ग	७	५	४	०	१	२	१		२	२२
१०	ओखलढुंगा	१०	६	५	०	१	०	१		३	२६
११	तेह्थुम	९	६	४	०	१	२	६		६	३४
१२	धनकुटा	५	३	४	३	१	०	६		८	३०
१३	संखुवासभा	५	५	१	१	०	०	४		३	१९
१४	उदयपुर	७	७	८	०	२	०	४		७	३५
जम्मा		४४१	१६६	२३२	३१	१७	१८	६६	४	८४	१०५९

सहकारी संस्थाको अद्यावधिक विवरण

यस कार्यालयको क्षेत्राधिकारभित्रका सहकारी संघ/संस्थाहरुको आधारभूत तथ्याङ्क अद्यावधिक गर्ने क्रम आर्थिक वर्ष २०७६।०७७ बाट भै प्रदेशको नियमन क्षेत्रका र प्रदेश अन्तर्गतका पालिकाहरुको समष्टिगत तथ्याङ्क खुलेको सहकारी झलक प्रकाशन भएको थियो। आर्थिक वर्ष २०८१।८२ मा लेखा परीक्षण सम्पन्न भै कार्यालयमा पेश भएको वार्षिक प्रतिवेदनका आधारमा कोशी प्रदेशको सहकारी झलक २०८३ लाई प्रकाशन गरिएको छ। अघिल्लो वर्ष संस्थाहरुलाई प्रतिवेदन बुझाउन पत्राचार गरिएको र यस वर्ष विभिन्न तालिम तथा अन्तरक्रिया कार्यक्रममा प्रतिवेदन पेश गर्न सार्वजनिक आव्हान गरियो। साविकमा सम्बन्धित डिभिजन कार्यालयमा प्रतिवेदन बुझाउन अभ्यस्त भएका सहकारीहरुले बीचको संक्रमणकालमा प्रतिवेदन कहाँ बुझाउने भन्ने अन्यौलका कारण कार्यालयमा प्रतिवेदन बुझाउन नआएका कारण संस्था राम्ररी सञ्चालनमा रहेको भए तापनि अपेक्षित रूपमा तथ्याङ्क प्राप्त हुन सकेको छैन। संस्थाहरुले आर्थिक वर्ष सम्पन्न भएको ६ महिनाभित्र साधारणसभा सम्पन्न गरी प्रदेश सहकारी ऐनले माघ १५ सम्ममा प्रतिवेदन पेश गर्नुपर्ने समय

सीमा दिएकोमा र कार्यालयले आषाढ मसान्तभित्र प्रतिवेदन पेश गर्न संस्थालाई जरिवाना गरी प्रतिवेदन अद्यावधिक गरियो। जरिवाना तिरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइएकोमा ती संस्थाहरुको संख्या १०३ रहेको र जसबाट रु.८३१३७५।००/- जरिवाना रकमसमेत प्राप्त भएकोमा यसवर्ष प्रदेश नियमनभित्र परेका जम्मा १०५९ सहकारी संस्था मध्ये ८१४ वटा संस्थाहरूले कोपोमिसमा आवद्ध भएका र सोमध्ये ५६३ वटा (५३.१६%) संस्थाहरुले प्रतिवेदन बुझाएको आधारमा प्रदेश सहकारी झलक तयार पारिएको छ। प्रस्तुत विवरणमा कतिपय संस्थाहरुलाई पटक-पटक सम्पर्क गर्दा पनि कार्यालयमा विवरण पेश नगरेको र अवस्थाका बारेमा अद्यावधिक जानकारीसमेत नगराएको हुँदा ती संस्थाहरुलाई निष्कृय संस्थाको सूचीमा राखिएको छ। साविकमा संस्थाहरुको विवरण प्रकाशन गर्दा संस्थाको दर्ता नं, सम्पर्क नं. इमेल, ठेगाना आदि प्रकाशन गर्नुपर्नेमा संस्थाको लेखापरीक्षण प्रतिवेदनमा लङफर्म भरी ती विवरणहरु प्राप्त गर्न नसकेको तथा दर्ताको फायलमा ती विवरण र वर्तमान नेतृत्वको विवरण प्राप्त गर्न नसकेकाले सम्भव भएसम्मका विवरणहरु मात्रै समावेश गरिएको र आगामी दिनहरुमा यसलाई व्यवस्थित गर्न यथासक्य प्रयास गरीनेछ। यस्ता संघ संस्थाहरुको स्थलगत रूपमा नै अनुगमन गरी अवस्था पहिचान गरेर आगामी आर्थिक वर्षबाट क्रमशः दर्ता खारेजी, विघटन तथा संघ संस्था सञ्चालनको वातावरण बनाउने नीति लिइनेछ। प्रदेश नियमनभित्रका सहकारीहरूको विवरण पेश गर्ने प्रवृत्ति तलको तालीकाबाट प्रष्ट हुनेछ।

*तालिका-१४

सि. नं.	जिल्ला	कुल संस्था	अद्यावधिक भएका जम्मा	जरिवाना नतिरी बुझाउने	जरिवाना तिरेर बुझाउने	विवरण नबुझाउने
१	झापा	३२०	१९२	१६७	२५	१२८
२	मोरङ	२८०	१९४	१६६	२८	८६
३	सुनसरी	१३१	७१	५३	१८	६०
४	इलाम	६४	२४	१७	७	४०
५	पाँचथर	४४	१८	१२	६	२६
६	उदयपुर	३५	८	५	३	२७
७	तेह्रथुम	३४	११	९	२	२३
८	धनकुटा	३०	१०	१०	०	२०
९	ओखलढुंगा	२६	५	३	२	२१
१०	खोटाङ	२२	१०	५	५	१२
११	ताप्लेजुङ्ग	२१	१०	७	३	११
१२	संखुवासभा	१९	७	४	३	१२
१३	भोजपुर	१९	२	१	१	१७
१४	सोलुखुम्बु	१४	१	१	०	१३
जम्मा		**१०५९**	**५६३**	**४६०**	**१०३**	**४९६**
प्रतिशत		**१००**	**५३.१६**	**४३.४४**	**९.७३**	**४६.८४**

समस्याग्रस्त घोषणाका लागि पठाइएको सहकारीको विवरण

*तालिका-१५

सि.नं.	सहकारी संस्थाको नाम	ठेगाना	कैफियत
१	माछापुच्छ्रे वचत तथा ऋण सहकारी संस्था लि.	विराटनगर, मोरङ	

समस्याग्रस्त व्यवस्थापन समितिमा रहेको सहकारीको विवरण

*तालिका-१६

सि.नं.	सहकारी संस्थाको नाम	ठेगाना	कैफियत
१	अम्बेकोशी वचत तथा ऋण सहकारी संस्था लि.	इटहरी,सुनसरी	

रोष्टरमा नाम समावेश भएका लेखाविज्ञ/लेखा परीक्षक/लेखा प्राविधिकहरुको नामावली

यस कार्यालयको नियमन क्षेत्रधिकार भित्र पर्ने सहकारी संघ/संस्थाको ऐन, २०७६को परिच्छेद १६ को दफा ७८बमोजिम हिसाब-किताब जाँच गर्ने प्रयोजनार्थ आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचिकृत भएका फर्महरुको नामावली देहायबमोजिम रहेको छ।

*तालिका-१७

सि.नं.	प्रमाणपत्र नं.	वर्ग	फर्मको नाम	प्रोप्राइटर	ठेगाना	सम्पर्क नं.	इमेल
१	१३७०	ख	भगिरथ खनाल एण्ड एसोसिएट्स	भगिरथ खनाल	विराटनगर ८, मोरङ	९८५२०३२०५७	khanal.bhagirath13@gmail.com
२	१२६६	ख	अधिकारी के.एण्ड एसोसिएट्स	खिवलाल अधिकारी	शिवसताक्षी ७, झापा	९८४२६२४७६५	adhikarikhiba@gmail.com
३	३२५४	ख	एल सापकोटा एण्ड कम्पनी	लक्ष्मी सापकोटा	विराटनगर ३, मोरङ	९८५२०२८०२८	lsapkota2642@gmail.c
४	८६३	क	एस.पि.एन.एण्ड एसोसिएट्स	श्री प्रसाद निरौला	विर्तामोड ४, झापा	९८५१०७७४८५	shreenirauia3@gmail.com
५	१५५४	ख	जे.डि.एण्ड कम्पनी	जयधर्म पोखरेल	अर्जुनधारा १०, झापा	९८४२६३७९८०	jdpokharel@gmail.com
६	६८२	क	आर.पि.के.एस एसोसिएट्स	प्रज्वल अधिकारी शर्मा	विर्तामोड ४, झापा	९८५१२२६०७३	capj869@gmail.com
७	२८५१	ख	एस.आर.खनाल एण्ड कम्पनी	शान्तिराम खनाल	इटहरी ९,, सुनसरी	९८५२०५६१२३	khanalsantiram@gmail.com
८	३८४	क	ई.आर.सिग्देल एण्ड एसोसिएट्स	एकराज सिग्देल	मध्यपुर थिमि ४, भक्तपुर	९८५१०३१५२५	ersigdel@yahoo.com
९	३१५९	ख	पोषक एण्ड कम्पनी	पोषकलाल श्रेष्ठ	बुढानिलकण्ठ १२, काठमाडौं	९८५१०९४४७१	poshakncompany@gmail.com
१०	१२२३	ख	एम.एण्ड एसोसिएट्स	मोहन खड्का	काठमाडौं ६, सरस्वतीनगर	९८४१७३११९३	Khatiwada100@yahoo.com

सहकारीमा प्रयोग हुने एप्लिकेशन सफ्टवेयर सञ्चालन सम्बन्धी व्यवस्था:

प्रदेश सहकारी नियमावलीको नियम २० को उपनियम ३ मा पाँच करोड रुपैयांभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाले उपनियम (१)बमोजिम राखुपर्ने अभिलेख प्रचलित कानूनले तोकिदिएबमोजिम मापदण्ड पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मासमेत व्यवस्थित गर्नुपर्नेछ। उपनियम ४ मा सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सहकारी हेर्ने सम्बन्धीत संघीय मन्त्रालय तथा सहकारी बिभागले तोकेको सहकारी तथा गरीबी निवारण मन्त्रालयको सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा अनिवार्य प्रविष्टी गर्नुपर्नेछ। तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानूनबमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिनेछैन

मूल्याङ्कन व्यवस्थापन कार्यविधि २०८१ निर्माण गरी सफ्टवेयरहरु सूचीकरण गरिएको छ जसबमोजिम मूल्याङ्कन र सूचीकरण भएका सफ्टवेयर कम्पनीहरु यस प्रकार रहेको छ।

*तालिका-१८

सि.नं.	कम्पनीको नाम	सफ्टवेयरको नाम	ठेगाना
१	पायोनियर एसोसिएट प्रा.लि.	Cosys Nextgen	हरिहरभवन, पुलचोक-ललितपुर
२	प्रथम आईटी सिष्टम प्रा.लि.	Finastra	डल्लु १५, काठमाडौं
३	अक्सपान माईक्रोसिस प्रा.लि.	Oxpan	मध्य बानेश्वर, काठमाडौं
४	म्याग्नस कन्सल्टीङ्ग ग्रुप प्रा.लि	Saralbitta	पुरानोबानेश्वर, काठमाण्डौं
५	इजी सफ्टवेयर प्रा.लि.	Easy	कालीमाटी, काठमाडौं
६	जुनेली इन्क प्रा.लि.	360 core Banking	धोबीघाट, ललितपुर
७	माईक्रो ब्याङ्कर नेपाल प्रा.लि.	Micro Banker	नयाँ बजार मार्ग, काठमाडौं
८	प्रिमियम टेक्नोलोजीज प्रा.लि.	Primium CBS	सुविधानगर ३२, तिनकुने, काठमाडौं
९	वेबलिङ्ग सफ्टवेयर डेभलभमेन्ट एण्ड रिसर्च प्रा.लि.	LUNIVA	काठमाडौं
१०	इन्फो डेभलपर्स प्रा.लि.	Infinity	सानेपा-२, ललितपुर
११	नियोसिस टेक्नोलोजी प्रा.लि.	Mira	मानभवन, ललितपुर
१२	सिनर्जी टेक सफ्टवेयर प्रा.लि.	MFin Plus	मछिन्द्र मार्ग, ललितपुर
१३	पुर्वे सफ्टवेयर प्रा.लि.	Purbey	चावहिल, काठमाडौं
१४	लुनार आईटी सोलुसन प्रा.लि.	Luna Count	इटहरी-६, सुनसरी
१५	गौतम सफ्टवेयर डेभलपर प्रा.लि.	Copas	पोखरा-३३, कास्की
१६	जिनोव इन्क प्रा.लि.	Finx	काठमाडौं
१७	फिन्याक्ट सफ्टवेयर प्रा.लि.	Finacct Plus	टेकु, काठमाडौं
१८	हारती टेक्नोलीजीज प्रा.लि.	Harati	काठमाडौं
१९	प्लानेट अर्थ सोलुसन प्रा.लि.	एभरेष्ट सि.वि.एस.	सातदोबाटो, ललितपुर
२०	इन्फोवेयर नेपाल प्रा.लि.	फिनम्यान	काठमाडौं
२१	इन्फोब्रेन टेक्नोलोजीज प्रा.लि.	व्यालेन्स सि.वि.एस.	चण्डोल, काठमाडौं
२२	कोलम्बस कन्सल्टिङ सर्भिसेस प्रा.लि.	इबैकर कोप सोलुसन	डिल्लीबजार, काठमाडौं
२३	युरानस टेक नेपाल प्रा.लि.	युरानस सिविएस	थापाथली, काठमाडौं

स्रोतः गत वर्षको सहकारी झलकबाट लिएको

सहकारी एकीकरणको अवस्थाः

सहकारीमा दोहोरो सदस्य व्यवस्थापन, अनुगमनमा प्रभावकारिता संस्थाको सञ्चालन खर्चमा न्यूनताका लागि संस्था एकीकरणको महत्वपूर्ण भूमिका भएकाले यस वर्ष निम्न कार्यहरू भए। कोशी प्रदेशमा एकीकरणको अभियान गत ७ वर्षमा उत्साहजनक देखिएको छ। यसलाई विगत ७ वर्षको प्रवृत्तिलाई हेर्दा २६४ वटा संस्थाहरू एकीकरण गरी १०३ वटा संस्थाहरू निर्माण हुन सकेका छन जसलाइ यहाँ देहायबमोजिम उल्लेख गरिएको छ।

सहकारी एकीकरणको अवस्था

*तालिका-१९

सि.नं.	आ.व.	एकीकरण भएर कायम भएका संस्था	एकीकरण भएका जम्मा संस्थाहरु
१	२०७६/०७७	६	२१
२	२०७७/०७८	४७	१२५
३	२०७८/०७९	१९	४५
४	२०७९/०८०	१४	३७
५	२०८०/०८१	७	१५
६	२०८१/०८२	८	१७
७	२०८२/०८३	२	४
	जम्मा	१०३	२६४

**स्रोतः कार्यालयको अभिलेख अनुसार*

आ.व. २०८२/०८३मा एकीकरण भएका संस्थाहरुको नामावली

यस आर्थिक वर्षमा एकीकरण भएका संस्थाहरुको नामावली देहायबमोजिम रहेको छ। *तालिका-२१

सि.नं.	निर्णय मिति	एकीकृत संस्थाको नाम	ठेगाना	एकीकरण भएको संस्थाको नाम	ठेगाना
१	२०८२-०५-२३	एकता बहुउद्देश्यीय सहकारी संस्था लि.	हल्दिबारी, झापा	एकता बहुउद्देश्यीय सहकारी संस्था लि.	हल्दिबारी, झापा
				श्री जेष्ठ नागरिक कृषि सहकारी संस्था लि.	हल्दिबारी, झापा
२	२०८२-१०-२४	सुकुना बचत तथा ऋण सहकारी संस्था लि.	सुन्दरहरैचा, मोरङ	सुकुना बचत तथा ऋण सहकारी संस्था लि.	सुन्दरहरैचा, मोरङ
				बाघझोडा बचत तथा ऋण सहकारी संस्था लि.	सुन्दरहरैचा, मोरङ

एकीकरण पूर्व स्वीकृति लिएका संस्थाहरु

यस आर्थिक वर्षमा एकीकरणका लागि पूर्व स्वीकृति लिएका संस्थाहरुको नामावली देहायबमोजिम रहेको छ।

*तालिका-२२

सि.नं.	एकिकरण पछि कायम हुने नाम	ठेगाना	एकीकरण हुने संस्थाको नाम	ठेगाना
१	नवदुर्गा बहुउद्देश्यीय सहकारी संस्था लि.	दमक, झापा	नवदुर्गा बहुउद्देश्यीय सहकारी संस्था लि.	दमक, झापा
			सुर्यमुखी बचत तथा ऋण सहकारी संस्था लि.	दमक, झापा

१ अरवभन्दा माथिको कुल सम्पत्ति दायित्व भएका सहकारी संघ/संस्थाहरूको नामावली

*तालिका-२२

सि.नं.	सहकारी संस्थाको नाम	ठेगाना	जम्मा सदस्य	जम्मा संचालक	जम्मा कर्मचारी	शेयर पूँजी	बचत	जम्मा कोष	ऋण लगानी	जम्मा सम्पत्ती/दायित्व
१	सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.	वितामोड २, झापा	१९२२४०	१५	५००	१६९७५२८९००	१४१५७६८७८२७	१५९९५६१४६३	११४७२७३१५५३	१८५६५८४२४२०
२	नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.	मेचीनगर ६, झापा	१७७८०३	१५	११९७	१४४९०७९३००	११४०९०९८२१७	९२४२०८४१९	१०६२२७७७६०८	१४८०६३१०३३२
३	कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.	वितामोड ४, झापा	६०६९७	१३	३७३	५५८५३८०००	३४९६८४२७९९	२५३६४६८६४	३७४९४८८४२६	४७३७६९१८४४
४	मेची बहुउद्धेश्यीय सहकारी संस्था लि.	दमक ६, झापा	१७८१६	१५	११३	३९७०१७३००	३७८७४६२२५६	३१४१९१८८५	३४९३७३६१५७	४५३७९३९८१६
५	सिम्रीक बचत तथा ऋण सहकारी संस्था लि.	वितामोड ४, झापा	६९४७०	९	२७४	३५०९१५५००	२१५२५८४५८३	११९७५४०४०	२८०४७८६३७८	३३१९८५७६४७
६	पूर्वनेपाल बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड	कमल २, झापा	१८८८७	११	१०२	१५१३७६७००	९८१८९३४८०	१३४१२७००२	२०८१४११४४६	२३४१७२५३१०
७	हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.	वितामोड ४, झापा	३९१०५	९	२६५	१८००५१७००	१७२४१९८१९५	२१३१७२४६	१८८८९०७२५०	२३०९१२१७१६
८	सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.	दमक ६, झापा	६८२४	९	३२	१५२४२०९००	१६९४३५७२०३	१२७५८६७७५	१६३६१९६७००	२१८३८९५५२८
९	किसान कल्याण बचत ऋण सहकारी संस्था लि.	इटहरी १६ सुनसरी	१९६२०	१५	६४	१४६७५३०००	११२७७९२७९७	१६८१४२४३९	१०६६७८४१६३	१४७६३१५३३८
१०	स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्था लि.	वितामोड ५, झापा	३८८११	९	२२२	१७३६८५०००	१११०२८८८८५	१३२२१५२०३	१०३८०१६४४२	१४७३२०६४५२
११	स्वर्ण लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.	दमक १३, झापा	१०६३५	७	४६	११०७७५०००	८३१२१६९३०	९३४६३००५	१००६९०००५३	१२०३९८६७३९
१२	रमाइलो जनएकता बचत तथा ऋण सहकारी संस्था लि.	कानेपोखरी ६ मोरङ	९४३५	१४	१९	१२६५८११००	८०७७२४५७९	२४७७७९९८८	७४९०१२०४७	११८५१९६६९७
१३	छिमेकी बचत तथा ऋण सहकारी संस्था लि.	शिवसताक्षी , झापा	४७४५	११	३४	१५३५४३२००	५१३२१३१९९	६७०४२७८१	७०५२७२८६६	१००१२६७१५९

५० करोडदेखि १ अरवभन्दा कम कुल सम्पत्ति दायित्व भएका सहकारी संघ/संस्थाहरूको नामावली

*तालिका-२३

सि.नं.	सहकारी संस्थाको नाम	ठेगाना	जम्मा सदस्य	जम्मा संचालक	जम्मा कर्मचारी	शेयर पूँजी	बचत	जम्मा कोष	ऋण लगानी	जम्मा सम्पत्ती/दायित्व
१	नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.	कमल.३, झापा	१७२३१	११	७८	१२२१७४२००	५७२८४३२४८	१४४०४०८५५	७७५३७३४५०	९९५३६१०९८
२	एकीकृत जनभावना बचत तथा ऋण सहकारी संस्था लि.	लेटाङ नगरपालिका	८८५१	११	२१	६९३४६७००	८०२१६५९१०	९५०८१४४७	७११३८३९६५	९८०९०२१८५
३	रामधुनी बचत तथा ऋण सहकारी संस्था लि.	बराहक्षेत्र १० प्रकाशपुर	५२२०	११	११	७६८४४०००	७२४२३७५८४	१०७७९६८७९	७२२६२८२९२	९६०५५६४१३
४	डाँफे सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.	दमक ५, झापा	८२४९	१३	३८	७३६०८१००	७५६९०५३१९	६८४८१६२४	६४२३७६६१२	९४४३०५६७६
५	सतासी बहुमुखी सहकारी संस्था लि.	विर्तामोड, झापा	८२५२	९	११५	७६७६८१००	५८८६२९९७१	६९२९२५२३	४४९१९०५९६	८३३५८३४७४
६	इष्टर्न स्टार कृषि सहकारी संस्था लि.	बिराटनगर ८	१९१४	७	३०	४९८७०१३००	३८९२७७६०	३७९८३९३४	४१२६६२०२	७९१८९९८७६
७	शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.	गौरादह १, झापा	३५४६	१३	२५	८३१८९६००	५९६६५८९९६	८११४२५२८	४८६१४४४६०	७६८४८०९५१
८	शिखर बचत तथा ऋण सहकारी संस्था लि.	विर्तामोड ५, झापा	७७२०	११	०	५१८३५०००	६५१५०९७८७	४०९३८६६७	६२६३४०२८९	७५४१४६११६
९	कनकल्क्षमी बचत तथा ऋण सहकारी संस्था लि.	सुन्दरहरैंचा नगरपालिका	७६६९	११	२८	७५४४१५००	५५३३८९५४५	७५७४१४२०	५२१६१५२८६	७४८०८००४६
१०	सुदर्शन बचत तथा ऋण सहकारी सहकारी संस्था लि.	उर्लावारी न.पा.	७०४२	७	३६	५०६६१७००	५७८५१४३४४	२१४९६४६८	५६१९२६३७८	७३७३४४०५७
११	पूर्वाञ्चल बचत तथा ऋण सहकारी संस्था लि.	इटहरी १, सुनसरी	१७१३	१३	१२	१४४४७१९००	४९९०८५३७८	५८१३२५६२	४८६४३२६५५	७३२५४५५६८
१२	कञ्चनजंघा बहुउद्देश्यीय सहकारी संस्था लि.	दमक ८, झापा	३५९६	१३	३४	६४१७९५००	५६६२०००३५	७५४११२९२	६१५१०६४७१	७१७७५६३८२
१३	महिला बचत तथा ऋण सहकारी संस्था लि.	इटहरी ४ सुनसरी	१०१३२	१३	३२	७३८५८१००	५३१७८७२१९	८०५१७६४४	४६३०६२८३३	६९९५१९३४६
१४	अम्बेकोशी बचत तथा ऋण सहकारी संस्था लि.	इटहरी ६, सुनसरी	३४०१	११	४०	५०३०१७००	५२८५७४७२३	१४६८८३०८	५३३३३३०८९	६६६२६०११५
१५	मनकामना बचत तथा ऋण सहकारी संस्था लि.	पथरीशनिश्चरे न.पा.१	८३२३	१३	२०	६०३४०५००	४९५८९२९४८	८४५६२१७९	४७८८०३००१	६४७६८७११३
१६	दुर्गा बचत तथा ऋण सहकारी संस्था लि.	इटहरी ९ सुनसरी	३२५३	११	११	९९८३६८००	४१२५५२६३८	९६५६०४४६	४०१७१६२१६	६३७४२४९६२

१७	झरना बचत तथा ऋण सहकारी सुस्था लि.	धरान ९, सुनसरी	१९८२	७	०	२७९७२१००	४९३३४२७८०	१६८८७०६२	४५८७८७१८८	६३३१५३५७०
१८	नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि.	इनरुवा १ सुनसरी	१८७६	१५	१०	४०७२८२००	२०५३२४४६५	३५३८९९०२	१७३४९६५५८	६३२७७०५०९
१९	धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था लि.	बिर्तामोड, ४ झापा	१३००४	११	७७	६३१३६२००	४७४४५६७९२	२९५२८२४१	४१७६६८३०९	६२६२२३५८६
२०	विराट बहुउद्देश्यीय सहकारी संस्था लि.	बिर्तामोड ३, झापा	४०२३	११	२२	५५००३९००	५१३०८९५६९	२६७६७१७७	३७४००९११३	६०२६३८४२१
२१	मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि.	मेचीनगर , झापा	५८०७	११	३२	६४९४५०००	४५३१७६७७१	६४७०२५२८	३९९६७५०९८	५९९०६०५९८
२२	राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.	बिराटनगर महानगरपालिका	१८९३	११	७	७२३९१९००	४४४३११७०८	४९९७२०४३	३५८८७२९९४	५७३८५७४५४
